निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मितिः २०७८।२।२०

# प्रेस विज्ञप्ति

## सम्माननीय राष्ट्रपति समक्ष राष्ट्रियसभा सदस्य उपनिर्वाचनको परिणाम पेश गरिएको

सम्वत् २०७८ साल जेठ १७ गते लुम्बिनी प्रदेशमा सम्पन्न अन्य समूहतर्फको राष्ट्रियसभा सदस्य उपनिर्वाचनको परिणाम सहितको प्रतिवेदन राष्ट्रपतिको कार्यालय मार्फत् सम्माननीय राष्ट्रपति समक्ष आयोगले पेश गरेको छ । उक्त प्रतिवेदन आयोगको मिति २०७८/२/२० को निर्णयबाट स्वीकृत गरी राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६० बमोजिम पेश गरिएको हो ।

उक्त प्रतिवेदनमा राष्ट्रियसभा सदस्य उपनिर्वाचन सन्दर्भमा भए गरेका कार्यहरु राजनीतिक दल दर्ता, निर्वाचनको तयारी, मतदाता नामावली र मतभार, निर्वाचन अधिकृत नियुक्ति र कार्यालय स्थापना, निर्वाचन कार्यक्रम सञ्चालन, उम्मेदवारको मनोनयन दर्ता, जनशक्ति, मतदान केन्द्र र सामग्री व्यवस्थापन, अभिमुखीकरण र मतदाता शिक्षा कार्यक्रम, मतपत्र व्यवस्थापन, सुरक्षा व्यवस्था र स्वास्थ्य सुरक्षा प्रवन्ध, निर्वाचन अनुगमन र अवलोकन, मतदान, मतगणना र परिणाम घोषणा लगायतका विषयहरु समावेश गरी तयार गरिएको थियो । उक्त निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार श्री दृग नारायण पाण्डेय निर्वाचित हुनुभएको थियो ।

०७८।२।२०

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"